"हिंसा, यौन दुर्व्यवहार र विभेदमुक्त विद्यालय बनाऔं, सबै बालबालिकालाई विद्यालय पठाऔं"

# विद्यालय भर्ना अभियान २०७२

शिक्षा प्राप्त गर्न पाउनु सबै बालबालिकाको नैसर्गिक अधिकार हो भने नागरिकहरूको लागि शिक्षा प्रदान गर्नु राज्यको दायित्व हो । नेपाल सरकार सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रवाह गर्ने कार्यमा प्रतिवद्ध छ। बाल अधिकारमा आधारित शिक्षाका सन्दर्भमा नेपालले सन् १९४८ मा संयुक्त राष्ट्र संघिय मानवअधिकार घोषणापत्र, सन् १९६९ को महिला अधिकार घोषणापत्र, सन् १९८९ को बालअधिकार घोषणा पत्र लगायतका अन्तर्राष्ट्रियस्तरमा प्रतिबद्धता व्यक्त गरेको छ भने अर्कोतर्फ राष्ट्रिय कानुनको रुपमा नेपालको अन्तरीम संविधान २०६३ ले शिक्षालाई बालबालिकाको मौलिक हकको रूपमा स्थापित गरेको छ । नेपालले त्यही प्रतिबद्धता पुरा गर्न वि.सं. २०६०।०६१ देखि विद्यार्थी भर्ना अभियान संचालन गर्दै आएको छ । परिणाम स्वरूप शैक्षिक सत्र ०७०।७१ मा भक्तपुर जिल्लाको खुद भर्नादर ९८ प्रतिशत भन्दा माथि पुगिसकेको छ । विद्यालय बाहिर रहेका लगभग २ प्रतिशत बालबालिकाहरू विषेश गरी इट्टा भट्टा, घरेलु श्रम लगायत विभिन्न श्रम क्षेत्रमा काम गर्ने बाल श्रमिक र अपाङ्गता भएका बालबालिकाहरू रहेका छन् । यस प्रकारका बालबालिकाहरू लाई भर्ना अभियानले छुनु पर्ने निष्कर्श जि.शि.का. भक्तपुर तथा सरोकारवाला निकायको रहेको छ । यस कुरालाई मनन् गर्दै भक्तपुर जिल्लामा यस बर्षको विद्यालय भर्ना अभियान सोहि अनुरुप संचालन गर्ने निष्कर्श हामीले निकालेका छौं ।

आजको दिनमा विद्यालय भर्ना एउटा विषय हो भने विद्यालयमा आएका बालबालिकालाई मैत्री वातावरण सहित शिक्षण सिकाई क्रियाकलापमा सहभागि गराउनु अर्को महत्वपूर्ण काम हो । विद्यालयमा भर्ना भै सकेका बालबालिकाहरू पनि विभिन्न कारणले विद्यालय छाड्ने वा दोहोऱ्याउने गरिरहेका छन् । यसका लागि हामीले हाम्रो विद्यालय वा पारिवारीक वातावरण बालमैत्री बनाउनु जरुरी छ । तसर्थ यस वर्ष विद्यालयस्तरमा हुने हिंसा तथा यौन दुर्व्यवहारविरुद्धको राष्ट्रव्यापी अभियान संचालन गर्नको लागि "हिंसा यौन दुर्व्यवहार र विभेदमुक्त विद्यालय बनाऔ, सबै बालबालिकालाई विद्यालय पठाऔ" भन्ने नाराका साथ राष्ट्रव्यापि अभियान २०७२ मनाइदै छ। अब विद्यालयवाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउने कार्य सरकारी तथा गैरसरकारी संघ संस्था, शिक्षा प्रेमी, सचेत नागरिक सबैको साझा प्रयास विना संभव छैन । अतः विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना गराउन, हिंसा तथा दुर्व्यवहारबाट सुरक्षित राख्न, विद्यालयमा बालमैत्री वातावरण तयार गरी बालबालिकालाई रमाएर सिक्ने सिकाउने वातावरणका साथ तह पुरा गर्ने अवस्था सृजना गर्ने कार्यमा सवै विद्यालयहरू, नगरपालिकाहरू, सामुदायिक अध्ययन केन्द्रहरू, राजनीतिक दल, शिक्षाप्रेमी, नागरिक समाज, बालबालिकासंग सम्बन्धित संस्थाहरू वडा नागरिक मंचहरू, अभिभावकहरू सबैवाट सहयोगको अपेक्षा गरिएको छ । विद्यालय उमेरका बालबालिका विद्यालयबाहिर भएको पाइएमा नजिकको विद्यालय, स्रोत केन्द्र, स्थानीय निकाय र जिल्ला शिक्षा कार्यालयलाई जानकारी गराउन, विद्यालय भर्ना गराउन र विद्यालयस्तरमा हुने हिंसा तथा यौन दुर्व्यवहारविरुद्धको राष्ट्रव्यापी अभियानमा सहभागी हुन सम्पूर्ण महानुभावहरूमा हार्दिक अनुराध गर्दछौ ।

जिल्ला बाल कल्याण समिति, भक्तपुर | जिल्ला शिक्षा कार्यालय, भक्तपुर | नेपाल पत्रकार महासंघ जिल्ला शाखा भक्तपुर | सिविस | बाविस | ASIAN HUMAN RIGHTS AND CULTURE DEVELOPMENT FORUM एशिया मानव अधिकार तथा सांस्कृतिक विकास मञ्च "ASIAN FORUM" | सिविआर भक्तपुर